# पाल्हीनन्दन गाउँपालिकाको आर्थिक सहायता कार्यविधि २०७५

प्रस्तावना: लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त, अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिक तथा विभिन्न सामाजिक, शैक्षिक, सांस्कृतिक महत्वका क्रियाकलापहरुको सञ्चालन, प्रवर्द्धन गर्नका साथै स्थानीय र राष्ट्रिय हित प्रवर्द्धन गर्न उल्लेखनीय भूमिका खेल्ने समाजका प्रतिष्ठित व्यक्तिहरुलाई आवश्यक सहयोग गर्न विनियोजित शीर्षकबाट रकम वा मालसामान उपलब्ध गराउने सम्बन्धी कानून बनाउन बाञ्छनीय भएकोले पाल्हीनन्दन गाउँ कार्यपालिकाले अर्को कानूनी व्यवस्था नभएसम्मका लागि पाल्हीनन्दन गाउँपालिका, गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ३ बमोजिम यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

### प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :(१) यस कार्यविधिको नाम "पाल्हीनन्दन गाउँपालिका आर्थिक सहायता कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२.परिभाषा :- विषय प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "गाउँपालिका" भन्नाले पाल्हीनन्दन गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले पाल्हीनन्दन गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "विपन्न सहयोग पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक व्रा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोप बाढी, पहिरो, अनावृष्टि, अतिवृष्टी, आगलागी, शीतलहर, हावाहुरी, चट्याङ ) मा परेको, वा बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्त मनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेका सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा, छोरीको बिबाह गर्ने विपन्न परिवार, विपन्न परिवारको सदस्य मृत्यु भएमा त्यस्तो मृत्यु संस्कार गर्ने परिवार बुझ्नु पर्दछ ।

(घ) "महत्वका क्रियाकलाप" भन्नाले स्थानीय वा राष्ट्रिय महत्वका कार्य सञ्चालन गर्न राष्ट्रिय तथा स्थानीयस्तरमा सञ्चालन हुने क्रियाकलापहरुलाई सम्झनुपर्दछ ।

(ङ) "प्रतिष्ठित महानुभाव" भन्नाले समाजमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरुलाई सम्झनुपर्दछ ।

(च) "अध्यक्ष" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) "न्यायिक समिति" भन्नाले पाल्हीनन्दन गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ज) "उपाध्याक्ष" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको उपाध्याक्षलाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) "वडा अध्यक्ष " भन्नाले पाल्हीनन्दन गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) "आर्थिक सहयोग बापत उपलब्ध गराउने रकम" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको गाउँ सभाले पारित गरेको बजेट तथा कार्यक्रम, विनियोजन ऐनद्वारा विनियोजित रकमको आधारमा विनियोजित नियम ९ बमोजिमको रकम सम्झनु पर्दछ ।

(ठ) "संचालक समिति" भन्नाले नियम १० बमोजिमको संचालक समिति सम्झनु पर्दछ ।

(ड) "संचालन समिति प्रतिनिधी" भन्नाले नियम ११ (घ) बमोजिमको पदाधिकारी वा संचालक समिति प्रतिनिधी सम्झनु पर्दछ ।

## परिच्छेद -२

### विपन्न सहायता सम्बन्धी मापदण्ड

**३.दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता** :-(क) विपन्न सहायता पाउन योग्य दिर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क लगायतका जटिल प्रकृतिका रोग) तथा क्यान्सर पीडित व्यक्तिले यस अघि कुनै सरकारी, गैर सरकारी संघ संस्थाबाट सहयोग प्राप्त नगरेको व्यहोरा खुलाई विपन्न सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण:"आवश्यक कागजात" भन्नाले आर्थिक रुपले विपन्न भनी अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नु पर्दछ ।

(ख) नियम ३(क) बमोजिम प्राप्त निवेदन माथि सम्बन्धित वडा समितिले आवश्यक छलफल गरी निवेदकको व्यहोरा यथार्थ परक एवं वस्तुनिष्ठ देखिएमा नेपाल सरकार, प्रदेश सरकार वा अन्य संघ संस्थाबाट सहयोग नपाएको वा अति न्यून पाएकालाई आर्थिक सहायता दिन तथा बिरामीको अवस्था हेरी सम्बन्धित निकायबाट नि:शुल्क उपचार गर्न समेत अध्यक्ष समक्ष सिफारिस गर्न सकिनेछ ।

(ग) उपनियम ३(ख) बमोजिमको सिफारिस वा उक्त उल्लिखित व्यहोरा आफैंले प्रमाणित गरी त्यस्ता विपन्न व्यक्तिलाई अध्यक्षले अधिकतम रु.पाँचहजार रुपैया सम्मको खर्च रकम उपलब्ध गराउन सक्नेछ ।

**(४) हिंसा पीडित तथा बेचबिखनमा परेकालाई सहयोग**:-(क) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवन यापनको लागि आवश्यक व्यवस्थापन गर्न वा न्यायिक समितिको काम कार्वाहीको क्रममा आई परेको विशेष परिस्थितिमा न्यायिक समितिले पीडितलाई न्याय दिलाउन एवं पुनर्स्थापनाको लागि अध्यक्ष समक्ष सहायताको सिफारिस गर्न सक्नेछ ।

(ख) उपनियम ४(क) को सिफारिशको आधारमा त्यस्ता व्यक्तिलाई अध्यक्षले अधिकतम रु. पाँचहजार रुपैया सम्मको खर्च रकम उपलब्ध गराउन सक्नेछ ।

**५.आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायता** :-(क) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जबरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्त मनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालन पोषणको लागि सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम गाउँ कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(ख) उपनियम ५(क) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृहको लागि संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ ।

(ग) आर्थिकरुपले बिपन्न परिवारको प्राकृतिक प्रकोप (बाढी, पहिरो, अनाबृष्टि, अतिबृष्टी, आगलागी, शीतलहर, हावाहुरी, चट्याङ्ग) का कारण धनजनको क्षति भएमा अवस्था हेरी अध्यक्षले बढी पाँच हजारसम्म नगद वा सो बराबरको मालसामान उपलब्ध गराउन सक्नेछन् ।

**६.आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमा, छोरीको बिबाह गर्ने बिपन्न परिवार, विपन्न परिवारको सदस्य मृत्यु भएमा त्यस्तो मृत्यु संस्कार गर्ने परिवारलाई सहायता** :

(क) आर्थिक रुपले विपन्न तीन महिनासम्म पनि खान नपुग्ने भनी प्रमाणित परिवारका गर्भवती महिला एवं सुत्केरी आमाको पालनपोषणको लागि बढिमा दुई पटक गर्भवती हुँदा वा सुत्केरी हुँदा सम्बन्धित वडा अध्यक्षको प्रमाणित एवं वडाको सिफारिसको आधारमा अध्यक्षले अधिकतम रु.पाँचहजार सम्मको खर्च रकम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ । तर दुई पटकभन्दा बढि गर्भवती हुँदा वा सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराईने छैन । उक्त सम्बन्धमा स्वास्थ्य संस्थाको, निजको कागजात समेत सम्बन्धितको तर्फबाट पेश गर्नु पर्दछ ।

(ख) उपनियम ६(क) बमोजिम सहायता पाउन गर्भवति महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारको कुनै सदस्य मार्फत आवश्यक कागजात सहित गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछन् ।

६(ग) छोरीको बिबाह गर्ने बिपन्न परिवार, विपन्न परिवारको सदस्य मृत्यु भएमा त्यस्तो मृत्यु संस्कार गर्ने परिवारले प्रमाण सहित वडाको सिफारिश वा स्वंय गाउँ कार्यपालिकाको कार्यालमा उपस्थित भई निबेदन दिन सक्नेछन, यस्ता परिवारलाई उचित ठहरेमा अध्यक्षले रु पाँच हजारसम्म आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछन् ।

**७.बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता** :- दलित ज्येष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्यको हकमा ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित एवं वडा समितिको निर्णय सहितको सिफारिसको आधारमा अध्यक्षले अधिकतम रू.पाँचहजार सम्मको खर्च रकम आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

**८.अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायता** :-(क) आर्थिक रुपले विपन्न अति अशक्त, अपांग र पूर्ण अशक्तहरुको पालनपोषणको लागि सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित एवं वडा समितिको निर्णय सहितको सिफारिसको आधारमा अध्यक्षले अधिकतम रू. पाँचहजार सम्मको खर्च रकम आर्थिक सहयोग दिन सक्नेछ ।

(ख) आर्थिक सहयोग प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र सहितको आवश्यक कागजातहरु संलग्न गरी गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

**८.आर्थिक तथा सामाजिक हितका कार्यक्रमका लागि सहायता**:-(क) स्थानीय तथा राष्ट्रिय हित प्रबर्द्धन गर्ने किसिमका प्रबर्द्धनात्मक क्रियाकलापहरुलाई प्रोत्साहन गर्नका लागि आयोजना हुने कार्यक्रमहरु सञ्चालन गर्नका लागि प्राप्त हुन आएका निवेदनका सम्वन्धमा अध्यक्षले अधिकतम रू.पाँचहजारसम्मको खर्च रकम आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-३

### विविध

**९.विपन्न सहायता रकम**: यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं राहत, उद्धार तथा पुर्नस्थापना सम्बन्धी कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि गाउँसभाबाट पारित गरेको बजेट तथा कार्यक्रमद्धारा विनियोजित गरी आवश्यक रकमको व्यवस्था गरिनेछ ।

**१०. विपन्न, असहाय, अशक्त, असक्षम एवं दयनीय अवस्थाका व्यक्तिको पहिचान** :

(क) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र विपन्न, असहाय, अशक्त, असक्षम एवं दयनिय अवस्थाका व्यक्तिको पहिचान गर्न तथ्याङ्क संकलन गर्न सक्नेछ र त्यस्ता व्यक्तिको लागि छुट्टै परिचयपत्र वा नेपाल सरकारले जारी गरेको प्रमाणपत्रलाई आधार लिन सक्नेछ ।

(ख) माथि १०(क) बमोजिमको अवस्था नभएसम्म सम्बन्धित वडा अध्यक्षले विपन्न, असहाय, अशक्त, असक्षम एवं दयनिय अवस्थाको व्यक्ति भनी पहिचान सहितको सिफारिसलाई आधार मान्न सक्नेछ ।

(ग) माथि १०(क) र (ख) का व्यक्तिलाई पाल्हीनन्दन गाउँपालिकाले आवश्यक सहयोग गर्नु कर्तव्यको रुपमा सम्झिनु पर्नेछ ।

(घ) माथि १०(ग) बमोजिमका अर्थात यस कार्यविधिको नियम ३,४,५,६,७ र ८ बमोजिमका व्यक्तिलाई यथाशक्य सहयोग गर्ने क्रममा अध्यक्षले रु. पाँच हजार र सो भन्दा माथिको खर्चको रकम कार्यपालिकाको निर्णयबाट भूक्तानी दिईनेछ ।

(ङ)माथि १०(घ) बमोजिम भूक्तानीको सिफारिशको छुट्टै अभिलेख आर्थिक प्रशासन शाखामा राखिने र सो को सम्वन्धमा सम्बन्धित व्यक्तिको तीन पुस्ते विवरण सहित सार्वजनिकीकरण गरिने छ ।

(च) सामान्यत: एकै आर्थिक वर्ष भित्र एकपटक विलको भूक्तानी दिइएको व्यक्तिलाई अर्को सिफारिश गरिने छैन । साथै, कुनै पनि व्यक्ति वा संस्थालाई पेश्कीको रुपमा नगद वा चेक रकम वा सोझै रकम उपलब्ध गराईने छैन ।

(छ) माथि १०(घ) बमोजिम विपन्न सहायता उपलब्ध गराउँदा आवश्यकता, मानवीयता, मितव्ययिता, औचित्य आदिलाई समेत मध्यनजर राखी मन, वचन र कर्मले कर्तव्यनिष्ठ भै कार्य सम्पादन गर्नु पर्नेछ।

तेज प्रसाद गुप्ता(दिपक)
अध्यक्ष
पाल्हीनन्दन गाउँपालिका

(ज) माथि १०(घ) बमोजिमको रकम यस गाउँपालिका भित्रका विपन्न व्यक्तिलाई न्यूनतम गाँस, वास र कपासको लागि आधारभूत सामाग्री उपलब्ध गराउने, न्यूनतम औषधि उपचारको व्यवस्था मिलाउने, सामाजिक विमा वापतको प्रिमियम भूक्तानी दिने, औषधि उपचारका लागि परिवहनको व्यवस्था मिलाउने, उद्धारात्मक कृयाकलाप संचालन गराउने प्रकृतिका मानविय कार्य गर्नका लागि पनि उपयोगमा ल्याउन सकिनेछ।

११.यस अघि भए गरेका आर्थिक सहायता सम्बन्धी कार्य यसै कार्यविधी बमोजिम भएको मानिने छ।

**१२. बाधा अडकाउ फुकाउ आदेश :**

(क) यस कार्यविधि कार्यान्वयन गर्न, केही बाधा अडकाउ फुकाउन आवश्यक भएमा कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्नेछ।

(ख) यस सम्वन्धी कुनै विषयमा विवाद आएमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**१३.संशोधन एवं खारेजी :**

(क) यस कार्यविधिमा कुनै विषय थपघट, परिमार्जन, संशोधन एवं खारेजी गर्ने सम्पूर्ण अधिकार कार्यपालिकामा निहित हुनेछ।

(ख) अन्य कुनै कानूनसँग यस कार्यविधि बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

कार्यपालिकाबाट स्वीकृत मिती : २०७५।०३।०९

तेज प्रसाद बुढाथोकि(क)
अध्यक्ष
पाल्हीनन्दन गाउँपालिका